# चापाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चापाकोट, स्याङ्जा

स्था: २०७३

पत्र संख्या: २०७७/७८
चलानी नं १७६९

गण्डकी प्रदेश, नेपाल

मिति : २०७८।०१।१९

श्री वडा कार्यालयहरु सवै/चापाकोट अस्पताल/स्वास्थ्य चौकीहरु/आयुर्वेद औषधालयहरु/वैंक तथा वित्तीय संस्थाहरु/सहकारी संस्थाहरु/शैक्षिक संस्थाहरु लगायत सम्पूर्ण सरकारी/गैरसरकारी संघसंस्था तथा निकायहरु

**विषय : जानकारी सम्वन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७८ साल वैशाख १९ गते स्याङ्गजाका प्रमूख जिल्ला अधिकारी श्री दिपकराज नेपालज्यू बाट जारी गरिएको आदेश यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । पत्रबाट व्यहोरा अवगत गर्नुभई सोही अनुसार गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

०७८।१।१९

ध्रुव खनाल
प्रमुख प्रशासकीय अधिकृत

(ध्रुव खनाल)
प्रमुख प्रशासकीय अधिकृत

E-mail: info@chapakotmun.gov.np
Tel No. 063411080/81

Website: https://chapakotmun.gov.np/
Social links: https://twitter.com/of_chapakot?s=09

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, स्याङ्जा
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. ०६३-४२०२१०
फ्याक्स: ०६३-४२०२११
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं.:

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

मिति:२०७८/०१/१९

## स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

पछिल्लो समयमा विश्वमा फैलिदै गइरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी नेपालमा पनि फैलिएको र स्याङ्जा जिल्लामा पनि यसको संक्रमण तिव्र रुपमा बढी सक्रिय संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गएको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/१३ को निर्णय तथा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र ( DCCMC ) तथा जिल्ला सुरक्षा समिति स्याङ्जाको मिति २०७८/०१/१९ को निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२० गते बिहान ६:०० बजे देखि लागू भई मिति २०७८/०१/३१ गते राति १२:०० बजे सम्म स्याङ्जा जिल्लाको वालिङ नगरपालिका, गल्याङ नगरपालिका तथा चापाकोट नगरपालिका क्षेत्रहरुमा लागू हुने गरी तपसिल बमोजिमको निषेधाज्ञा आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

तपसिल:

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै व्यक्ति घर बाहिर ननिस्कने ।

२. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न, मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, मेला महोत्सव गर्न तथा कुनै प्रकारको खेलकुद प्रतियोगिता सञ्चालन गर्न निषेध गर्ने ।

३. एम्वुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यास, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधन, औषधी तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस तथा संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक उपर्युक्त क्षेत्रहरुमा यात्रुबाहक सवारी साधनको शुरु र अन्तिम बिन्दु हुने गरी सञ्चालनमा निषेध गर्ने । साथै सिद्धार्थ राजमार्ग हुँदै अन्यत्र जाने यात्रुबाहक सवारी साधनको हकमा निषेधित क्षेत्रमा यात्रु चढाउन र ओराल्न नपाउने गरी आवागमनमा बाधा नपर्ने ।

४. सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नाँचघर, क्लव, फुंटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचाँदी पसल, टेलिरिङ, फुटपाथ पसल लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

५. विवाह, व्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरुमा घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रमहरुमा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई २५ जना भन्दा बढी सहभागी हुन नपाईने ।

६. औषधी एवं स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने । अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यास, पेट्रोलियम पदार्थ, निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र बिहान ५:०० बजेबाट ११:०० बजेसम्म मात्र संचालन गर्न पाउने ।

७. स्वास्थ्य सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने सेवा बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा निकायहरुबाट प्रदान गरिने सबै प्रकारका सेवाहरु बन्द गर्ने ।

८. मठ मन्दिरहरु तथा विभिन्न धार्मिकस्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पूजा बाहेक अन्य सम्पूर्ण सामाजिक, साँस्कृतिक र धार्मिक गतिविधिहरु सञ्चालन नगर्ने ।

०७८/०१/१९
दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner